# वर्तमान विद्यालय शिक्षामा बौद्ध परीयति शिक्षाको प्रभाव

नारायण प्रसाद वेल्वासे, पिएचडी[1], अम्बिका वेल्वासे[2]
[1]शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Orcid ID: https://orcid.org/0009-0004-8463-1367
[2]सानोठीमी क्यम्पस, त्रिभुवन विश्वविद्यालय
Corresponding Email: drnbelbase@gmail.com

**लेख जानकारी**

**शब्दकुञ्जी:** बौद्ध परियत्ति शिक्षा, विद्यालय शिक्षा, शैक्षिक उपलब्धि, लगनशीलता, अतिरिक्त क्रियाकलाप, समावेशी शिक्षा, सामाजिक व्यवहार, पाठ्यक्रम विकास

**Received:** 2 July 2024

**Reviewed:** 3 September 2024

**Accepted:** 2 November 2024

**DOI:**
https://doi.org/10.3126/snprcj.v5i1.83486

Copyright 2024 © Author(s)

**सारांश**

*यो अध्ययनले नेपालमा बौद्ध परियत्ति शिक्षाको विद्यालयीय शिक्षामा पर्ने प्रभावको बहुआयामिक विश्लेषण गरेको छ । अध्ययनले बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक उपलब्धि, अनुशासन, नियमित उपस्थिति, लगनशीलता, कक्षा सहभागिता, र अतिरिक्त क्रियाकलापमा संलग्नता लगायतका पक्षहरूमा अन्य विद्यार्थीहरूको तुलनामा उल्लेखनीय प्रगति देखाएको छ । अनुसन्धानका परिणामहरूले दर्शाउँछन् कि बौद्ध परियत्ति शिक्षाले विद्यार्थीहरूको मनोवैज्ञानिक सुदृढीकरण, नैतिक विकास र सामाजिक व्यवहार सुधारमा सकारात्मक भूमिका खेलेको छ । साथै, बौद्ध परियत्ति विद्यार्थीहरूमा पुनः कक्षा दोहोर्याउने र कक्षा छोड्ने दर न्यून भएको पाइयो । अतिरिक्त क्रियाकलापहरू, जस्तै वादविवाद र हाजिरीजवाफ प्रतियोगितामा परियत्ति विद्यार्थीहरूको सक्रिय सहभागिताले समग्र व्यक्तित्व विकासमा सहयोग पुर्‍याएको छ । अध्ययनले सामाजिक-सांस्कृतिक पूर्वाग्रह र लैङ्गिक विभेदलाई हटाएर बौद्ध परियत्ति शिक्षालाई व्यापक बनाउने आवश्यकतालाई पनि औंल्याएको छ । समावेशी पाठ्यक्रम विकास, दक्ष शिक्षकको तालिम, बालकेन्द्रित शिक्षण विधि र उपयुक्त शिक्षण वातावरण सिर्जनाका लागि नीति तथा कार्यान्वयनको आवश्यकता देखिएको छ । यसले मात्र बौद्ध परियत्ति शिक्षालाई विद्यालय शिक्षा प्रणालीसँग प्रभावकारी रूपमा एकीकृत गर्न सकिने देखिएको छ । यसैगरी, विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक र समुदायबीच समन्वय तथा अनुगमन प्रणालीको सुदृढीकरण आवश्यक रहेको सुझाव समेत प्रस्तुत गरिएको छ । भावी अनुसन्धानहरूले बौद्ध परियत्ति शिक्षाको दीर्घकालीन प्रभाव, व्यवस्थापन र नीति विकासमा ध्यान दिनुपर्ने देखिन्छ । यस अध्ययनले नेपालजस्तो बहुसांस्कृतिक र बहुधार्मिक समाजमा बौद्ध परियत्ति शिक्षाको शैक्षिक, सामाजिक र नैतिक मूल्यलाई उजागर गर्दै समावेशी, गुणस्तरीय र व्यवहारिक शिक्षा प्रवर्द्धन गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्‍याएको छ ।*

## परिचय

नेपाललाई गौतम बुद्धको जन्मभूमिको रूपमा विश्वले सम्मानका साथ हेर्दछ। बुद्ध धर्म, वौद्ध संस्कृति, दर्शन र इतिहासका अमूल्य पक्षहरू बोकेको यो राष्ट्र विगतमा यस्ता ज्ञान प्राप्तिका लागि स्वदेशमै पहुँच अभावका कारण स्वदेशी विद्यार्थीहरूलाई विदेशीनै जानुपर्ने बाध्यता थियो। यस यथार्थलाई ध्यानमा राख्दै, वि.सं. २०१९ सालमा सिन्धुली जिल्लाको सुगतपुर विहारमा वौद्ध परियत्ति शिक्षाको बीजारोपण गरिएको थियो । यो शिक्षाको औपचारिक सूत्रपात नेपाल भिक्षु महासंघका वर्तमान अध्यक्ष तथा नेपाल वौद्ध परियत्ति शिक्षाका प्रमुख भिक्षु बुद्धरक्षा महास्थविरज्यूको अग्रसरता तथा सुगत बौद्ध मण्डलका तत्कालीन सचिव धर्मरत्न शाक्यको पहल, समर्थन र सहयोगमा सम्पन्न भएको हो ।यसअघि नेपालमा त्रिपिटक ग्रन्थहरूका माध्यमबाट बौद्ध शिक्षाको प्रचार-प्रसार गरिंदै आएको भए तापनि विधिवत् परियत्ति शिक्षाको संरचना र कार्यान्वयनको अभाव थियो। वि.सं. २०२० सालको ५ वैशाखमा अखिल नेपाल भिक्षु महासंघले नेपालमै परियत्ति शिक्षालाई संस्थागत बनाउने लक्ष्यसहित कक्षा १ देखि ३ सम्मको पाठ्यक्रमको स्वीकृति प्रदान गर्दै "नेपाल वौद्ध परियत्ति शिक्षा" नामाकरण गरी यसको औपचारिक मान्यता प्रदान गर्‍यो। यस कार्यबाट वौद्ध शिक्षालाई शैक्षिक अनुशासन भित्र ल्याउने प्रयासको थालनी भयो ।पश्चात् वि.सं. २०२० साल फागुन २३ गतेको महासंघको बैठकले परियत्ति धर्मपालकको व्यवस्था गर्‍यो जसले धर्म शिक्षा र अनुशासनको निगरानी गर्ने कार्य गर्‍यो। त्यसैगरी, परियत्ति शिक्षाको लोकप्रियता तथा विद्यार्थीहरूको बढ्दो संख्यालाई ध्यानमा राखी वि.सं. २०२३ साल फागुन १ गतेको बैठकले "सद्दम्म कोविद" नामक परीक्षा प्रणालीको सुरुआत गर्‍यो। परियत्ति शिक्षाको व्यवस्थापन, मूल्यांकन र प्रमाणीकरणको निम्ति अखिल नेपाल भिक्षु महासंघअन्तर्गत सञ्चालन गरिएका नेपाल वौद्ध परियत्ति शिक्षा परीक्षा केन्द्रहरू २९ स्थानमा स्थापित भइसकेका छन् (स्रोत: बौद्ध परियत्ति शिक्षा द्वितीय, २०६७)।

बौद्ध धर्ममा प्रारम्भिक शिक्षार्थीलाई 'सिक्कानाम' भनिन्छ। पहेँलो वस्त्र (कषाय वस्त्र) धारण गर्ने किशोर भिक्षुहरू 'श्रावक' अर्थात् 'स्राङ्गणेर' भनिन्छ। यिनलाई नै धार्मिक अनुशासनमा अभ्यस्त गराइन्छ। जब कुनै व्यक्तिले २० वर्षको उमेर पुगेपछि औपचारिक रूपमा भिक्षु व्रत लिन्छ, उसलाई 'भिक्षु' भनिन्छ। त्यसपछि दस वर्ष भिक्षु जीवन बिताएको भिक्षुलाई 'अस्थविर' भनिन्छ भने, बीस वर्ष पूरा गरेका भिक्षुलाई 'महास्थविर' अर्थात् 'भन्ते' भनिन्छ। 'भन्ते' शब्दको अर्थ हो– जुन व्यक्तिले डर, भय, त्रास तथा मानसिक अशान्तिबाट मुक्ति प्राप्त गरिसकेको छ। भिक्षु भनेको डर, भय र त्रासको अन्त्य गर्ने संकल्पसहित बौद्ध मार्गमा समर्पित साधक हो भन्ने व्याख्या अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहारका भिक्षु भदल जटिलले प्रश्नावली तथा अन्तरक्रियाबाट स्पष्ट पारेका छन्।

### बौद्ध परियत्ति शिक्षाको परिभाषा र उद्देश्य

बौद्ध परियत्ति शिक्षाको मूल उद्देश्य केवल औपचारिक डिग्री वा आर्थिक लाभ प्राप्त गर्नु होइन, बरु बुद्धका शिक्षालाई आत्मसात् गर्दै आत्मशुद्धि, नैतिक जीवन, मानसिक शान्ति र सामाजिक समरसता निर्माण गर्नु हो। यस शिक्षाले व्यक्तिलाई आत्मपरिचय गराउँछ, आन्तरिक परिवर्तन र सामाजिक रूपान्तरणको प्रेरणा दिन्छ, र अन्ततः सम्पूर्ण मानव समाजमा करुणा र अहिंसाको भाव फैलाउन टेवा पुर्‍याउँछ । यो शिक्षा प्रणालीले ज्ञानको उपभोगमार्फत नैतिक आचरण, संयम, आत्मानुशासन, विवेकशीलता र आध्यात्मिक समृद्धिको विकास गराउँछ।

### भिक्षु र स्राङ्गणेरको अवधारणा

भिक्षु भन्नाले यस्तो व्यक्ति जनाउँछ, जसले बौद्ध धर्मको गहिरो ज्ञान आर्जन गरेर विहारमा अनुशासित जीवन बिताइरहेको हुन्छ र नवप्रवेशी भिक्षुहरूलाई धर्म शिक्षा प्रदान गर्छ। यस्ता भिक्षुहरूले सांसारिक मोह त्याग गरेर पूर्ण

समर्पणका साथ धार्मिक जीवन यापन गर्ने गर्छन् । स्राङ्गणेरहरू भने तिनीहरूका प्रारम्भिक चरणका अनुयायी हुन्, जो बाल्यकालमै धर्ममार्गमा प्रवेश गरी भिक्षु बन्ने लक्ष्यमा अग्रसर हुन्छन् ।

**कोविद परीक्षा र यसको शैक्षिक संरचना**

वौद्ध परियत्ति शिक्षाको औपचारिकताको अन्तिम चरण 'सद्दम्म कोविद परीक्षा' हो, जुन तीन वर्षे पाठ्यक्रमको आधारमा सञ्चालन गरिन्छ । यो पाठ्यक्रम कक्षा ८, ९, र १० समेटिन्छ । कक्षा ८ मा ८०० पूर्णाङ्क, कक्षा ९ मा ७०० पूर्णाङ्क र कक्षा १० मा ७०० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिन्छ । परीक्षा व्यवस्थापन र मुल्यांकनको सम्पूर्ण जिम्मेवारी नेपाल वौद्ध परियत्ति शिक्षा केन्द्रले लिन्छ । परीक्षामा न्यूनतम उत्तीर्णाङ्क ४० प्रतिशत तोकिएको छ, जसले एक शैक्षिक मापदण्डको संरक्षण गर्दछ ।

नेपालमा वौद्ध परियत्ति शिक्षाको इतिहास केवल धार्मिक अभ्याससँग सीमित नरहेर, शैक्षिक दृष्टिकोणबाट समेत महत्वपूर्ण छ । यसको विकासले धार्मिक सहिष्णुता, अध्यात्मिक चेतना, र संस्कृतिक समृद्धिमा योगदान पुर्‍याएको छ । यस शिक्षाको व्यावहारिकता, अनुसाशन र नैतिकता आजको समयको आवश्यकता हो, जसले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्दर्भमा नेपालको विशेष पहिचान बनाएको छ । बौद्ध परियत्ति शिक्षाले न केवल धार्मिक ज्ञान दिन्छ, तर समग्र जीवन रूपान्तरण गर्ने गहिरो सन्देश दिन्छ । यस्तो शिक्षा प्रणालीलाई अझै मजबुत बनाउँदै सुदूर ग्रामीण क्षेत्रसम्म विस्तार गर्नु आजको आवश्यकता हो, जसले भावी पुस्तालाई नैतिक, शान्तिपूर्ण र विवेकशील जीवनको मार्गदर्शन प्रदान गर्नेछ ।हालका केही वर्षयता नेपाल वौद्ध परियत्ति शिक्षाको सन्दर्भमा उल्लेखनीय परिवर्तन र चेतनाको विकास देखिएको छ । परियत्ति अध्ययन गर्ने विद्यार्थीहरूको संख्यामा क्रमिक वृद्धि हुनुका साथै यस शिक्षाप्रणालीको गुणस्तरीय उन्नति गर्नुपर्ने सोच शुभचिन्तकहरू, शिक्षाविद् तथा धार्मिक अगुवाहरूमा व्यापक रूपमा फैलिएको पाइन्छ । परियत्ति शिक्षालाई केवल पारम्परिक धार्मिक अभ्यासका रूपमा सीमित नराखी यसलाई आधुनिक शिक्षा प्रणालीसँग समायोजन गर्दै व्यवस्थित, वैज्ञानिक, र दिगो रूपमा विकास गर्नु अपरिहार्य बनिसकेको छ ।

यस शिक्षाको वैज्ञानिकीकरण गर्नको लागि आवश्यक पूर्वाधारहरूको अभाव एक प्रमुख चुनौतीका रूपमा देखिएको छ । विशेष गरी दक्ष जनशक्तिको विकास, पर्याप्त आर्थिक स्रोतको सुनिश्चितता, र प्रभावकारी व्यवस्थापन संयन्त्रको स्थापना अत्यन्तै जरुरी छ । यी पक्षहरू सुदृढ गरिएमा मात्र नेपाल वौद्ध परियत्ति शिक्षालाई दीर्घकालीन रूपले सशक्त र व्यवस्थित रूपमा अगाडि बढाउन सकिन्छ । शिक्षासम्बन्धी सरोकारवाला निकाय, संघसंस्था, अभिभावक, स्थानीय समुदाय र सरकार सबैको साझा उत्तरदायित्व यसमा स्पष्ट देखिन्छ ।वास्तवमा, परियत्ति शिक्षालाई उच्च शिक्षाको धारासँग जोड्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयमा "नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन कार्यक्रम" अन्तर्गत स्नातक तहको पाठ्यक्रमको थालनी गरिएको छ, जुन अत्यन्तै सराहनीय पहल हो । तथापि, यस पाठ्यक्रममा अपेक्षित मात्रामा विद्यार्थीहरू भर्ना हुन सकेका छैनन् । यसका पछाडि जनचेतनाको अभाव, पाठ्यक्रमको सुलभतामा कमी, र आवश्यक प्रचारप्रसारको कमी रहेका छन् ।त्यसैले कोविद परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूलाई त्रिभुवन विश्वविद्यालयको स्नातक तह (B.A. Equivalent) बराबरको मान्यता दिने नीति निर्माण गरी यसको संस्थागत स्वीकृति दिलाउने कार्य अत्यावश्यक देखिन्छ । यसले न केवल विद्यार्थीहरूमा भविष्यप्रति आश्वस्ति र आकर्षण बढाउनेछ, तर परियत्ति शिक्षाको औपचारिकता र विश्वसनीयतामा पनि थप मजबूती आउनेछ ।

धार्मिक शिक्षा कुनै पनि समाजमा नैतिक, सामाजिक र आध्यात्मिक रूपान्तरणको मूल आधार हो । नेपालको संविधान अनुसार पनि प्रत्येक नागरिकलाई आफ्नो आस्था अनुरूपको धार्मिक शिक्षा प्राप्त गर्ने जन्मसिद्ध अधिकार छ । यस्तो शिक्षा न केवल धर्मको ज्ञान दिन्छ, तर जीवनको उद्देश्य र सदाचरणतर्फ उन्मुख गराउँछ । यदि शिक्षामा धार्मिक तथा नैतिक पक्ष समावेश गरिएन भने समाजको नैतिक पतन भइ समुचित व्यवस्थापन असम्भव बन्न जान्छ । परियत्ति शिक्षा बौद्ध धर्मको आधारस्तम्भ हो । यसले व्यक्तिको आन्तरिक सुधार, समाजप्रतिको जिम्मेवारीबोध, र सार्वभौमिक करुणा, अहिंसा र समभावको सन्देश दिन्छ । तथापि, आजको २१औं शताब्दीको प्रगतिशील युगसम्म आइपुग्दा पनि धैरै नेपाली नागरिकहरू बौद्ध परियत्ति शिक्षाको पहुँचबाट टाढा छन् । विडम्बनापूर्वक, भगवान गौतम बुद्धको जन्मभूमि नेपाल भएर पनि उनका अनुयायीहरूको अधिक सङ्ख्या विदेशमा रहेको तथ्याङ्कहरूले देखाउँछ । यसको प्रमुख कारण शिक्षासम्बन्धी चेतनाको अभाव, परियत्ति शिक्षालाई धर्मको मात्रै विषय ठान्ने गलत धारणाहरू, र औपचारिक शिक्षा प्रणालीमा यसको समावेश नगर्नु हो । यस्तो अवस्थाको सुधारका लागि स्थानीय समुदाय, अभिभावक, र बौद्ध विहारहरूबीच सक्रिय समन्वय र सहकार्य हुनु अत्यन्त आवश्यक छ । विहारहरूको शैक्षिक व्यवस्थापनमा सरकारको स्पष्ट भूमिका र जिम्मेवारी सुनिश्चित गर्नु आवश्यक देखिन्छ । तर यथार्थमा, सरकारले बौद्ध परियत्ति शिक्षाको प्रवर्द्धनका लागि हालसम्म उल्लेखनीय लगानी गरेको पाइँदैन । कारण के हो भने यो शिक्षा प्रणाली परम्परागत रूपमा 'इच्छामा आधारित' अभ्यासका रूपमा लिइँदै आएकोले अभिभावकहरूबाट यसप्रति न्यून रूचि देखिएको छ ।

आधिकारिक तथ्यांक अनुसार कुल बालबालिकाको एक प्रतिशतले पनि परियत्ति शिक्षा प्राप्त गरिरहेका छैनन्, जुन गम्भीर चुनौती हो । यसलाई परिवर्तन गर्नका लागि परियत्ति शिक्षालाई सरल, आकर्षक र सर्वसुलभ बनाई सरकारी नीतिनियमअनुसार प्राथमिक तहदेखि नै समावेश गरिनु जरुरी छ । यदि यो शिक्षा सबै बालबालिकामा अनिवार्यरूपमा विस्तार गर्न सकियो भने निश्चय पनि यसले बौद्ध संस्कृति, नैतिक मूल्य र समावेशी शिक्षाको सुदृढ आधार प्रदान गर्नेछ ।परियत्ति शिक्षा केवल एक धार्मिक अभ्यास होइन, यो समग्र समाज रूपान्तरणको अभियान हो । यसको वैज्ञानिक र शैक्षिक आधुनिकीकरणले नेपाललाई अन्तर्राष्ट्रिय वौद्ध शिक्षा केन्द्रको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । तसर्थ, परियत्ति शिक्षालाई नेपालको मुख्यधारको शिक्षासँग समायोजन गर्दै व्यापक विस्तार र सशक्तिकरण गर्नु आजको समयको आवश्यकता हो ।

## उद्देश्यहरू

1. विद्यालय तहमा बौद्ध परियत्ति शिक्षाको शैक्षिक, नैतिक, सामाजिक र सांस्कृतिक प्रभावको विश्लेषण गर्नु ।
2. परियत्ति शिक्षाको व्यवहारिकता र विद्यार्थी विकासमा यसको उपयोगिताको मूल्याङ्कन गर्नु ।
3. विद्यार्थी र समुदायमा परियत्ति शिक्षाले गर्ने नैतिक चेतना र अनुशासन विकासको अध्ययन गर्नु ।

## अध्ययनको परिसीमा

यस लेखको अध्ययन परिसीमा भौगोलिक र संस्थागत रूपमा सीमित गरिएको छ, जसअनुसार अध्ययन क्षेत्रका रूपमा नेपालका महत्वपूर्ण बौद्ध सांस्कृतिक केन्द्रहरूमध्ये एक मानिने रुपन्देही जिल्लाभित्र रहेका कुल ६ वटा बौद्ध विहारहरूमध्ये २ वटा विहारहरूमा केन्द्रित रही तथ्य सङ्कलन र विश्लेषण गरिएको हो । यी

विहारहरूमा सञ्चालित विद्यालयस्तरीय परियत्ति शिक्षाको अवस्था, संरचना, प्रभाव र चुनौतीहरूलाई प्रमुख अध्ययन एकाइका रूपमा लिई समावेश गरिएको छ । अध्ययनको सीमितताका बाबजुद, चयन गरिएका विहारहरू बौद्ध शिक्षाको प्रतिनिधिमूलक नमुना मानिन सक्ने भएकाले प्राप्त निष्कर्षहरू व्यापक सन्दर्भमा समेत सान्दर्भिक ठहर हुने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनले गुणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरी बौद्ध परियत्ति शिक्षाको विद्यालयस्तरीय प्रभावको विश्लेषण गर्न प्रयास गरेको छ । अध्ययनको प्रकृति व्याख्यात्मक तथा वर्णनात्मक रहनुका साथै सामाजिक सन्दर्भमा आधारित रहेको छ । अनुसन्धाता स्वयं प्रत्यक्ष रूपमा अध्ययनस्थलमा गई सहभागी अवलोकन, अन्तरवार्ता, र सर्वेक्षणमार्फत प्रासंगिक सूचना, तथ्य र विचारहरूको संकलन गरेका छन् । यस खण्डमा प्रयोग गरिएको अध्ययन विधिहरूलाई विस्तृत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ:

### अध्ययन क्षेत्रको चयन

अध्ययनका लागि भौगोलिक दृष्टिले नेपालकै बौद्ध धार्मिक दृष्टिले महत्वपूर्ण क्षेत्र मानिने रुपन्देही जिल्लाको लुम्बिनी क्षेत्र**,** विशेष गरी शंकरनगर गाविसलाई केन्द्रविन्दु बनाइएको हो । यस क्षेत्रमा रहेका विभिन्न बौद्ध विहारहरूमध्ये अनुसन्धानको प्रयोजनका लागि केही विशिष्ट विहारहरू चयन गरिएको छ, जुन विहारहरूसँग विद्यालय शिक्षाको प्रत्यक्ष सम्बन्ध रहेको छ ।

### सहभागीहरू (उत्तरदाता) को छनोट

शोधको विश्वसनीयता र प्रासङ्गिकता सुनिश्चित गर्नका लागि विभिन्न तहका सरोकारवालाहरूलाई उत्तरदाता बनाइएको छ । यस अन्तर्गत सम्बन्धित विद्यालयका निरीक्षकहरू: जसले शैक्षिक गतिविधि, पाठ्यक्रम, र परियत्ति शिक्षाको कार्यान्वयनको निगरानी गरेका छन् । विहारका भिक्षुहरू: जो परियत्ति शिक्षाका प्रमुख धर्मगुरु र प्रशिक्षकको रूपमा जिम्मेवारी निर्वाह गरिरहेका छन् । अभिभावकहरू: जसको दृष्टिकोणले परियत्ति शिक्षाको सामाजिक स्वीकार्यता र अभिभावकीय समर्थनबारे जानकारी प्रदान गर्छ । विद्यार्थीहरू**:** जो परियत्ति शिक्षामा प्रत्यक्ष सहभागी भएर शैक्षिक तथा नैतिक लाभ लिइरहेका छन् **।** विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू (वि.व्य.स.): जसले संस्थागत प्रशासनिक निर्णय र शैक्षिक नीतिहरूमा भूमिका खेल्ने गर्दछन् ।

### तथ्याङ्क सङ्कलन उपकरणहरू

यस अध्ययनमा गुणात्मक जानकारी सङ्कलन गर्न प्रयोग गरिएका प्रमुख उपकरणहरूमा अन्तर्वार्ता प्रश्नावली: अनुसन्धानकर्ता स्वयंले तयार पारेका संरचित तथा अर्ध-संरचित प्रश्नहरूको प्रयोग गरी सहभागीसँग अन्तरङ्ग संवाद गरिएको हो । यसबाट उनीहरूको अनुभव, धारणा, सुझाव, आलोचना र सरोकारबारे विस्तृत जानकारी प्राप्त गरिएको छ । विद्यालय सर्वेक्षण फारम: विद्यालयहरूको भौतिक पूर्वाधार, पाठ्यक्रमको अवस्थिति, विद्यार्थी संख्याको विवरण, र परियत्ति शिक्षाको सञ्चालन अवस्था बुझेको छ । प्रेक्षण विधि**:** अनुसन्धानकर्ता प्रत्यक्ष रूपमा अध्ययन क्षेत्रमा गई शिक्षक–विद्यार्थीको अन्तर्क्रिया, कक्षा सञ्चालन शैली, वातावरण, र धार्मिक शिष्टाचारहरूको अवलोकन गरिएको छ ।

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

सङ्कलित जानकारी र तथ्याङ्कको विश्लेषण गर्दा व्याख्यात्मक (Interpretive) **र** वर्णनात्मक (Descriptive) पद्धति प्रयोग गरिएको छ । विषयवस्तुहरूको गहिरो विश्लेषण, प्रत्यक्ष उद्धरण, सहभागीहरूको दृष्टिकोण तथा व्यवहारका आधारमा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । विश्लेषणको क्रममा कुनै पनि तथ्यलाई एकांगी नबनाई सन्दर्भअनुरूप बहुआयामिक दृष्टिले विश्लेषण गरिएको छ ।

## विद्यालयीय शिक्षामा बौद्ध परियत्ति शिक्षाको प्रभाव

नेपालको वर्तमान विद्यालय शिक्षामा बौद्ध परियत्ति शिक्षाले पारिरहेको प्रभाव अत्यन्त सकारात्मक र बहुआयामिक रहेको पाइन्छ । विशेष गरी अनुशासन, नियमितता, नैतिकता र सामाजिक व्यवहारका पक्षमा परियत्ति शिक्षाले विद्यार्थीहरूमा उल्लेखनीय परिवर्तन ल्याएको तथ्य यस अध्ययनबाट स्पष्ट हुन्छ । यहाँ परियत्ति शिक्षाले विद्यालय जीवनमा पार्न सक्ने प्रभावहरूको विश्लेषण विस्तारपूर्वक प्रस्तुत गरिएको छ:

## अनुशासनमा प्रभाव

अनुशासन कुनै पनि शिक्षण संस्थाको मेरुदण्ड मानिन्छ । शिक्षा प्राप्त गर्न चाहने विद्यार्थी, त्यसको निर्देशन दिने शिक्षक, र व्यवस्थापन गर्ने निकाय सबैका लागि अनुशासन अत्यावश्यक तत्व हो । बौद्ध परियत्ति शिक्षाले विद्यार्थीहरूको अनुशासनमा पार्ने प्रभाव अत्यन्तै गहिरो र सकारात्मक देखिएको छ । अध्ययनका क्रममा परियत्ति शिक्षा लिइरहेका कक्षाहरूको अवलोकन गर्दा ती कक्षाहरू अन्य कक्षाहरूको तुलनामा बढी व्यवस्थित, शान्त, मर्यादित र अनुशासित पाइए । परियत्ति शिक्षाका विद्यार्थीहरू नियमपालनमा सजग, कक्षामा बोल्दा अनुमति लिएर बोल्ने, वरिष्ठ शिक्षकप्रति आदरभाव राख्ने, अध्ययनमा ध्यान दिने, तथा सहपाठीहरूप्रति सहयोगी भावना राख्ने व्यवहारमा देखिएका छन् । यसले अन्य कक्षाका विद्यार्थीहरूमा समेत सकारात्मक प्रभाव पारेको छ । अनुशासित वातावरण सिर्जना हुँदा सम्पूर्ण विद्यालयको पठनपाठन सहज, मर्यादित र लक्ष्यकेन्द्रित बन्ने गरेको छ ।यस पक्षमा गरिएको अन्तर्वार्ता तथा अवलोकनमा १०० प्रतिशत विद्यालयका प्रमुख (प्र.अ.), शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, र स्वयं परियत्ति शिक्षाका विद्यार्थीहरूले यो प्रभावलाई स्वीकार गरेका छन् । उनीहरूले परियत्ति शिक्षाले विद्यार्थीको आत्मानुशासन, शिष्टता, आदर्श र संयमको विकासमा उल्लेखनीय भूमिका खेलेको ठोस रूपमा बताएका छन् ।

## नियमिततामा प्रभाव

शैक्षिक सफलताको लागि नियमितता एक महत्वपूर्ण आधार हो । नियमित रूपमा विद्यालय जाने, समयमा गृहकार्य गर्ने, समयको महत्व बुझ्ने, तथा कक्षाको अनिवार्य उपस्थिति कायम राख्ने बानीले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पार्दछ । बौद्ध परियत्ति शिक्षा लिइरहेका विद्यार्थीहरूमा यस्तो नियमितता, समयपालन र उत्तरदायित्वबोध तुलनात्मक रूपमा उच्च रहेको पाइयो । मानव स्वभावतः शिक्षित वा अनुशासित भएर जन्मिँदैन; उसले सिक्नुपर्दछ, र सिकाइ अभ्यासमार्फत मात्रै प्रभावकारी बन्न सक्दछ । परियत्ति शिक्षा नियमित ध्यान, समयानुकूल जीवनशैली, नियमअनुसारको अभ्यास, र स्वअनुशासनमा जोड दिने भएकाले यसले विद्यार्थीहरूमा नियमितता कायम राख्न प्रेरित गर्छ । यो तथ्यलाई पुष्टि गर्ने उद्देश्यले विभिन्न स्रोतहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरिएको थियो ।

यस अध्ययन अन्तर्गत: ८३ प्रतिशत विद्यार्थीहरूले परियत्ति शिक्षाले आफूमा नियमित भएर विद्यालय जान, गृहकार्य समयमै गर्न, र पठनपाठनमा समयको सदुपयोग गर्न उत्प्रेरणा दिएको बताएका छन् । ९२ प्रतिशत विद्यालय प्रमुखहरूले परियत्ति शिक्षाले विद्यार्थीहरूको नियमिततामा सुधार ल्याएको स्पष्ट रूपमा स्वीकार गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षकहरू, तथा स्रोत व्यक्तिहरू १०० प्रतिशतले परियत्ति शिक्षा लिएको कक्षामा उपस्थित हुने विद्यार्थीहरू बढी नियमित, समयपालक र उत्तरदायित्वबोध भएका पाइएको प्रमाणित गरेका छन् ।

परियत्ति शिक्षाले विद्यार्थीहरूमा सुसङ्गठित जीवनशैली, निरन्तर अभ्यास र नियमित कार्यान्वयनमा जोड दिन्छ, जसले उनीहरूको शैक्षिक सफलता मात्र होइन, सामाजिक जीवनमा पनि सकारात्मक परिवर्तन ल्याउँछ ।अनुशासन र नियमितता कुनै पनि शैक्षिक संस्थाको प्रगतिको मूल आधार हुन् । यस अध्ययनले स्पष्ट देखाएको छ कि विद्यालयीय तहमा बौद्ध परियत्ति शिक्षा लागू हुँदा विद्यार्थीहरूमा आत्मनियन्त्रण, शिष्टाचार, उत्तरदायित्वबोध, र नियमितता जस्ता मूल्यहरूको बलियो विकास हुन्छ । यी गुणहरूले विद्यार्थीलाई केवल एक सफल विद्यार्थी मात्र होइन, उत्तरदायी नागरिकका रूपमा पनि निर्माण गर्न मद्दत पुर्‍याउँछ । तसर्थ, परियत्ति शिक्षाको यस्तो अनुकरणीय प्रभावलाई अझै विस्तार गरी शिक्षाका अन्य तहमा पनि समावेश गरिनु बुद्धिमानी हुनेछ । यसले नेपालको सम्पूर्ण शिक्षाप्रणालीमा नैतिकता, अनुशासन र आत्मानुशासनको सुदृढ आधार तयार पार्न सक्ने सम्भावना बोकेको छ ।

**शिक्षण सिकाइमा प्रभाव**

शिक्षण–सिकाइ प्रक्रिया कुनै पनि विद्यालयको मूल लक्ष्य हो, जसको प्रभावकारिता विद्यार्थीको समग्र शैक्षिक विकास र उपलब्धिमा निर्भर रहन्छ । यस अध्ययनमा बौद्ध परियत्ति शिक्षा प्राप्त गरिरहेका विद्यार्थीहरूको विद्यालय शिक्षामा कस्तो प्रभाव परेको छ भन्ने विषयमा विस्तृत अनुसन्धान गरिएको छ । अध्ययनको दायराभित्र रहेका विभिन्न विद्यालयका प्रधानाध्यापक (प्र.अ.), शिक्षक, विद्यार्थी, र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग प्रश्नावली, अन्तर्वार्ता तथा फोकस समुह छलफल (FGD) मार्फत तथ्य संकलन गरिएको हो ।

उपलब्ध तथ्यांक र प्रतिक्रियाहरूले देखाउँछ कि परियत्ति शिक्षा लिइरहेका विद्यार्थीहरू अन्य विद्यार्थीहरूको तुलनामा बढी आत्मानुशासित, समयपालक, लगनशील र आत्मप्रेरित छन्, जसको प्रत्यक्ष असर उनीहरूको शैक्षिक सिकाइमा परेको देखिन्छ । अध्ययन अवधिभर गरिएका आन्तरिक मूल्याङ्कन, त्रैमासिक परीक्षण, वार्षिक नतिजा, र शिक्षकको मूल्याङ्कनबाट स्पष्ट भयो कि परियत्ति शिक्षामा संलग्न विद्यार्थीहरूको पढाइ नतिजा अन्य विद्यार्थीहरूको तुलनामा औसत रूपमा उत्कृष्ट छ । यस पक्षमा १०० प्रतिशत विद्यालयका प्र.अ., शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष र परियत्ति विद्यार्थीहरू स्वयंले सकारात्मक प्रतिक्रिया दिएका छन् । ५० प्रतिशत स्रोत व्यक्तिहरूले पनि यस्तै आशयका अनुभव प्रस्तुत गरेका छन् ।

साथै परियत्ति शिक्षामा संलग्न विद्यार्थीहरूलाई खानपिन, बसोबास, लुगा, पाठ्यपुस्तक, दैनिक उपभोग्य सामग्री जस्ता आवश्यकतालाई विहारमै निःशुल्क रूपमा उपलब्ध गराइने भएकाले उनीहरू शैक्षिक गतिविधिमा अधिक ध्यान केन्द्रित गर्न सक्षम देखिएका छन् । त्यसको परिणामस्वरूप उनीहरू पढाइमा निरन्तरता, समयको सदुपयोग, ध्यान केन्द्रित गर्ने बानी, तथा गहिरो अध्ययन गर्ने प्रेरणा पाउने गरेका छन् । यसको उल्टो अवस्थामा, विद्यालय शिक्षामा मात्र संलग्न रहेका विद्यार्थीहरू घरायसी काम, घरेलु जिम्मेवारी, आर्थिक अभाव तथा अध्ययनका लागि अनुकूल वातावरणको अभावका कारण शिक्षण–सिकाइमा सन्तोषजनक उपलब्धि हासिल गर्न असमर्थ देखिन्छन् ।

## सिकाइ उपलब्धिमा प्रभाव

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यहाँको धार्मिक शिक्षामा विविधता पाइन्छ, जसमा बौद्ध शिक्षा पनि एक महत्वपूर्ण पक्ष हो । नेपाल विश्वशान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मभूमि भए तापनि यहाँको मुख्यधारको शिक्षामा बौद्ध शिक्षाको प्रभाव अपेक्षाकृत न्यून देखिन्छ ।

धेरै नेपाली नागरिकहरू हिन्दू परम्परामा आधारित भएर जीवनयापन गर्ने गरेकाले बौद्ध धर्मप्रति आस्था र अभ्यास गर्नेहरूको संख्या तुलनात्मक रूपमा कम देखिन्छ । तर पछिल्लो समय विभिन्न विहारहरूले निःशुल्क शिक्षा, आवास, भोजन तथा पाठ्यसामग्री उपलब्ध गराउँदै बौद्ध शिक्षामा बालबालिकालाई आकर्षित गरिरहेका छन् । यसले गर्दा बौद्ध शिक्षा आर्जन गर्ने विद्यार्थीहरूको सङ्ख्या विस्तारै बढिरहेको छ, जुन तथ्य अध्ययनमा संलग्न विहारका गुरुज्यू, भन्तेहरू र अन्य स्रोत व्यक्तिहरूबाट पुष्टि भएको छ ।

शिक्षक, विद्यालय प्रमुख, विद्यार्थी तथा स्रोत व्यक्तिहरूबाट प्राप्त प्रतिक्रियाबाट प्राप्त निष्कर्ष अनुसार:१०० प्रतिशत विद्यालयका प्र.अ., स्रोत व्यक्ति र परियत्ति विद्यार्थीहरूले सिकाइ उपलब्धिमा बौद्ध शिक्षाको उल्लेखनीय प्रभाव रहेको बताएका छन् । ८३ प्रतिशत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षकहरूले पनि यस्तै सकारात्मक धारणा व्यक्त गरेका छन् ।बौद्ध शिक्षाको प्रभावले विद्यार्थीहरूमा लगनशीलता, मिहिनेत, धैर्यता, अनुशासन, समयपालन, आत्मनियन्त्रण, तथा ध्यान केन्द्रित गर्ने क्षमता विकास गरेको देखिन्छ । साथै, विहारको शैक्षिक वातावरण, दैनिक अनुशासित तालिका, समूहिक अध्ययन अभ्यास र आन्तरिक प्रेरणा प्रणालीले विद्यार्थीहरूको सिकाइ क्षमता उच्च बनाएको पाइन्छ ।

परियत्ति शिक्षामा संलग्न विद्यार्थीहरूले आफैंले पनि सिकाइ उपलब्धिको मुख्य कारण बौद्ध विहारमा प्राप्त भएको सकारात्मक, शान्त, व्यवस्थित, र अध्ययनमैत्री वातावरण भएको बताएका छन् । यस विपरीत, विद्यालय शिक्षामा मात्र संलग्न विद्यार्थीहरूले घरमा अध्ययन गर्ने अनुकूल वातावरण नपाएको, पारिवारिक व्यस्तता, घरेलु जिम्मेवारी र अध्ययनको उपयुक्त समयको अभाव भएको गुनासो गरेका छन् । अतः अध्ययन निष्कर्षले देखाउँछ कि यदि घरमा पनि बौद्ध विहारजस्तै अनुशासित र अध्ययन–मैत्री वातावरण सिर्जना गर्न सकियो भने सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार सम्भव छ । परियत्ति शिक्षा प्रणालीले सिकाइका दृष्टिले सिर्जना गरेको सफल अभ्यास र वातावरण विद्यालय शिक्षामा पनि अनुकरणीय बन्न सक्छ, जसले समग्र शैक्षिक गुणस्तरमा सुधार ल्याउने सम्भावना राख्दछ ।गहिरो विश्लेषणबाट स्पष्ट हुन्छ कि बौद्ध परियत्ति शिक्षाले विद्यालय शिक्षाका मूल आधारहरू — अनुशासन, नियमितता, शिक्षण–सिकाइ प्रक्रिया, र सिकाइ उपलब्धिमा — सकारात्मक, गहिरो र दीर्घकालीन प्रभाव पारेको छ । यसले विद्यार्थीको केवल शैक्षिक जीवनमा मात्र होइन, सामाजिक व्यवहार, नैतिक मूल्य र समर्पण भावमा समेत परिवर्तन ल्याएको छ । तसर्थ, परियत्ति शिक्षा र विद्यालय शिक्षा बीचको यो समन्वय भविष्यमा गुणस्तरीय शिक्षा प्रणाली निर्माणको एउटा आदर्श नमूना बन्न सक्छ ।

## लगनशीलतामा प्रभाव

मानव सभ्यताको प्रारम्भदेखि लिएर वर्तमानसम्म आइपुग्दा मानव समाजले गरेका सबै उपलब्धिहरूको मूल आधार लगनशीलता नै हो । इतिहासले प्रमाणित गर्छ कि जुनसुकै युगको वैज्ञानिक, सामाजिक, सांस्कृतिक वा आध्यात्मिक प्रगतिहरू कुनै आकस्मिकताको उपज नभई निरन्तर अभ्यास, कठोर परिश्रम, धैर्य र अनुशासनको

प्रतिफलस्वरूप सम्भव भएका हुन् । यिनै गुणहरूको संगमलाई हामी लगनशीलताको नामले चिन्छौं । संसारमा भएका समस्त महान् उपलब्धिहरू, चाहे ती भौतिक विकासका क्षेत्रमा हुन् वा नैतिक/आध्यात्मिक उन्नतिमा, ती सबै लगनशीलता बिना सम्भव हुन सक्दैनन् । भगवान् गौतम बुद्धको जीवन नै यस कुराको प्रत्यक्ष उदाहरण हो । उनले बाल्यकालदेखि नै आत्मानुशासन, चिन्तन, अवलोकन र साधनाको अभ्यास गर्दै आत्मज्ञानको गहिरो मार्ग अवलम्बन गरे । बुद्धत्व प्राप्तिका लागि उनले निर्विकार भावनासाथ निरन्तर साधना गरे, कठोर परिश्रम गरे र अनन्त धैर्य राखे । तिनै विशेषताहरूको कारण उनले मानव जीवनको दुःख र त्यसको निवारणसम्बन्धी गहिरा सत्यहरू आत्मसात् गर्न सफल भए । तर उनले ज्ञान प्राप्तिमा मात्र सीमित नरही, समाज रूपान्तरणका लागि पनि अथक प्रयास गरे अनेकौँ स्थानमा घुमी, जनसमूहहरूलाई उपदेश दिई, विभिन्न अनुयायीहरू तयार पारी ज्ञानको आलोक फैलाए । आज संसारका कैयौं भागहरूमा बुद्धको शिक्षाको प्रभाव रहनु उनको लगनशीलता र निरन्तरताको प्रमाण हो ।

यस सन्दर्भमा बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा देखिएको लगनशीलता अत्यन्त प्रशंसनीय छ । उनीहरू अध्ययनमा निरन्तरता, समयको सदुपयोग, अनुशासन र आन्तरिक प्रेरणाका साथ संलग्न हुने गरेको पाइन्छ । विद्यालयमा गरिएको अन्तर्वार्ता, अवलोकन तथा अभिप्रेरणा प्रतिक्रिया विश्लेषण गर्दा बुझिन आएको छ कि यी विद्यार्थीहरू आफ्नो अध्ययनमा अत्यन्त मनोयोगपूर्वक क्रियाशील छन् । उनीहरूले अध्ययन मात्र होइन, कक्षाको गतिविधिमा सक्रिय सहभागिता जनाएका छन्, समयपालना, गृहकार्य, समूहकार्य जस्ता पक्षहरूमा उल्लेखनीय उदाहरण प्रस्तुत गरेका छन् । विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति शिक्षक र विद्यार्थीहरूमध्ये झन्डै १०० प्रतिशतले बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूबाट प्रेरणा प्राप्त भएको तथा उनीहरूको लगनशीलता अनुकरणीय रहेको अभिव्यक्ति दिएका छन् । यस्ता विद्यार्थीहरूले विद्यालयमा सकारात्मक शैक्षिक वातावरण निर्माणमा महत्वपूर्ण योगदान दिएको छ, जुन अन्य विद्यार्थीहरूमा पनि उत्साह, प्रतिस्पर्धा र आत्मअनुशासन उत्पन्न गराउने प्रेरक कारक बनेको देखिन्छ ।

**अतिरिक्त क्रियाकलापमा प्रभाव**

शिक्षण सिकाइ प्रक्रिया केवल पाठ्यपुस्तक र औपचारिक पठनपाठनमा मात्र सीमित नभई समग्र व्यक्तित्व विकासका विविध पक्षहरूसँग समेत सम्बन्धित हुन्छ । विद्यालयहरूमा पाठ्यक्रमबाहेकका शारीरिक, मानसिक, सामाजिक र सांस्कृतिक गतिविधिहरूलाई समेट्ने अतिरिक्त क्रियाकलापहरूको भूमिकालाई हालको शैक्षिक अनुसन्धानले अत्यन्त महत्त्वपूर्ण मानेको छ । यस्ता गतिविधाहरूले विद्यार्थीको आत्मविश्वास, सहयोगी भावना, संवादकौशल, नेतृत्व क्षमता, आत्मअनुशासन र सिर्जनात्मकतामा उल्लेखनीय सुधार ल्याउँछ । यस अध्ययनमा बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू अतिरिक्त क्रियाकलापहरूमा समेत अग्रणी भूमिकामा देखिएका छन्। वादविवाद, हाजिरीजवाफ, नाचगान, चित्रकला, कविता, निबन्ध लेखन तथा खेलकुद जस्ता कार्यक्रमहरूमा उनीहरूले सकृय सहभागिता जनाएका छन् । विशेषगरी वादविवाद तथा हाजिरीजवाफ प्रतियोगितामा ती विद्यार्थीहरूले उत्कृष्ट अंक ल्याउन सफल भएका छन् । उनीहरूको प्रज्ञा, तर्कशक्ति, स्मरणशक्ति र भावप्रवण प्रस्तुतीकरणले अन्य विद्यार्थीहरूलाई समेत प्रभावित पारेको पाइन्छ ।

शारीरिक स्वास्थ्य सुदृढ गर्नुका साथै मानसिक सन्तुलन विकास गर्न यस्ता क्रियाकलापको भूमिकालाई अस्वीकार गर्न सकिन्न । परियत्ति शिक्षा प्राप्त विद्यार्थीहरूले आफ्ना साधना, अनुशासन र ध्यानमार्फत विकास

गरेको मानसिक एकाग्रता तथा सहनशीलता अतिरिक्त क्रियाकलापहरूमा सहज देखिएको छ । विद्यालयका शिक्षकहरूले पनि यस्ता विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा जिम्मेवारीपूर्वक प्रस्तुत हुने, समयपालन गर्ने र समूह कार्यमा सहयोगी हुने प्रवृत्तिका कारण सहकर्मी विद्यार्थीहरूका लागि प्रेरणादायी बनेको बताएका छन् ।

प्राप्त तथ्यहरूले स्पष्ट रूपमा देखाउँछ कि बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या विद्यालयीय शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको तुलनामा थोरै भए तापनि गुणात्मक पक्षमा उनीहरूको प्रभाव अत्यन्त उल्लेखनीय छ । शिक्षण क्रियाकलापप्रतिको गम्भीरता, नियमित उपस्थिति, समयपालन, गृहकार्यमा निरन्तरता र व्यवहारिक अनुशासनका आधारमा परियत्ति शिक्षा प्राप्त विद्यार्थीहरू अन्य विद्यार्थीहरूभन्दा अगाडि देखिएका छन् ।उनीहरूले पुनः कक्षा दोहोर्याउने वा शिक्षामार्ग बीचमै छोड्ने सम्भावना अत्यन्त न्यून रहेको तथ्यले पनि परियत्ति शिक्षा प्रणालीको सकारात्मक प्रभावलाई पुष्टि गर्छ । यस्तो शिक्षा प्रणालीले विद्यार्थीको मानसिक एकाग्रता, आत्मअनुशासन र आत्मनिर्भरता विकासमा सहयोग पुर्याइरहेको देखिन्छ । यसका अतिरिक्त, उनीहरूले अतिरिक्त क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउनु, विशेषगरी वादविवाद र हाजिरीजवाफ प्रतियोगितामा राम्रो प्रदर्शन गर्नुले उनीहरूमा समग्र व्यक्तित्व विकासको संकेत दिन्छ ।यसबाहेक, शिक्षण सिकाइ वातावरणप्रति पनि उनीहरू अनुकूल देखिएका छन् । उनीहरू पाठ्यसामग्री बुझ्न सक्ने क्षमतामा सक्षम छन्, शिक्षकप्रतिको सम्मानभाव, सहपाठीहरूसँगको सहयोगी सम्बन्ध र कक्षामा देखाउने सकारात्मक सहभागिताले उनीहरूलाई 'सिकाइमा अग्रगामी विद्यार्थी' को रुपमा प्रस्तुत गरेको छ । तर अन्य विद्यार्थीहरूमाझ समान शैक्षिक वातावरणको कमी भएको, समान अवसर नपाएको अवस्था पनि पहिचान भएको छ, जसले शैक्षिक असमानताको प्रश्न उठाउँछ ।त्यसैले, बौद्ध परियत्ति शिक्षा केवल आध्यात्मिक वा धार्मिक अभ्यासमा सीमित नभई एक समग्र शैक्षिक, मानसिक र सामाजिक रूपान्तरणको माध्यम बनेको देखिन्छ । यस्तो शिक्षाले अनुशासन, लगनशीलता, आत्मसंयम र आत्मविकासका आयामहरू समेट्न सक्ने भएकाले अन्य विद्यालयहरूले समेत यस्ता अभ्यासलाई विद्यालय शिक्षासँग जोड्ने सोच विकास गर्नु आवश्यक देखिन्छ । यस किसिमको शिक्षा प्रणालीलाई प्रवर्धन गरिनु शिक्षाको समावेशी र गुणस्तरीय विकासका लागि मार्गदर्शक सिद्ध हुनसक्छ ।

## निष्कर्ष

यस अध्ययनले बौद्ध परियत्ति शिक्षाको प्रभावलाई विद्यालय शिक्षासँग प्रत्यक्ष सम्बन्धित विभिन्न पक्षहरूमा बहुआयामिक रूपमा विश्लेषण गर्दै यसको शैक्षिक, सामाजिक, नैतिक, मनोवैज्ञानिक र व्यवहारिक महत्त्वलाई उजागर गरेको छ । बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक अनुभव, अनुशासन, नियमितता, लगनशीलता, अतिरिक्त क्रियाकलापमा सहभागिता, कक्षागत सहभागिता, सिकाइ उपलब्धि, र सामाजिक सम्बन्धजस्ता पक्षहरूमा अत्यन्त सकारात्मक प्रभाव देखिएको छ । यिनका व्यवहार, अध्ययनप्रतिको दृष्टिकोण र जीवनशैलीले विद्यालयभित्र मात्रै होइन, बाह्य सामाजिक परिवेशमा समेत सकारात्मक प्रभाव पारेको पाइन्छ ।सबैभन्दा पहिला, *लगनशीलता* को सन्दर्भमा हेर्दा, बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा उच्च स्तरको आत्मनियमन, लक्ष्यप्रतिको प्रतिबद्धता, र आत्मविकासप्रतिको गहिरो समझ देखिन्छ । मानव सभ्यताको सुरुवातदेखि नै लगनशीलता मानव सफलताको मूलभूत कारक रहँदै आएको छ । वैज्ञानिक आविष्कार, साहित्यिक सृजनशीलता, धार्मिक परम्परा, सामाजिक रूपान्तरण वा नैतिक शिक्षा—यी सबै क्षेत्रमा लगनशीलता विना दीर्घकालीन उपलब्धि सम्भव हुँदैन । बुद्धको जीवन, साधना र शिक्षाको प्रसार स्वयं त्यसको जीवित उदाहरण हो । बौद्ध परियत्ति शिक्षा त्यही ऐतिहासिक परम्पराको निरन्तरता हो, जसले अनुशासन, आत्मचिन्तन, परिश्रम र

ध्यानमार्फत विद्यार्थीहरूलाई आत्मविकासको पथमा अघि बढाउँछ । यस अध्ययनमा संलग्न विद्यालयहरूमा परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको अध्ययनप्रतिको समर्पण, कक्षामा नियमित उपस्थिति, गृहकार्य सम्पन्न गर्ने दर, कक्षामा ध्यान केन्द्रित गर्ने क्षमता, शिक्षकको निर्देशन पालन गर्ने बानी, समूहगत काममा समावेश हुने र विद्यालयको अनुशासनमा रहेको समर्पण अत्यन्त उल्लेखनीय देखिएको छ । विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्ति शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाले समेत परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू अत्यधिक अनुशासित, मेहनती र शान्त स्वभावका भएको कुरा पुष्टि गर्छ । झन्डै १०० प्रतिशत शिक्षक र व्यवस्थापकहरूले यस्तो विद्यार्थीहरू अन्य विद्यार्थीहरूको लागि प्रेरणाको स्रोत भएको भन्ने धारणा व्यक्त गरेका छन् ।

त्यसैगरी, *अतिरिक्त क्रियाकलाप* को सन्दर्भमा पनि परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू विशेष रूपमा अग्रणी देखिएका छन् । वर्तमान शैक्षिक चिन्तनले अतिरिक्त क्रियाकलापलाई केवल वैकल्पिक गतिविधिको रूपमा नलिई समग्र शैक्षिक प्रक्रियाको अभिन्न अङ्गको रूपमा लिन्छ । विद्यार्थीको मानसिक सन्तुलन, सामाजिक सहभागिता, अभिव्यक्ति कौशल, नेतृत्व गुण, सृजनात्मकता र समस्यासमाधान क्षमताको विकास यस्ता गतिविधिहरूबाट हुने वैज्ञानिक तथ्यले प्रमाणित गरेको छ । यस अध्ययनका विद्यार्थीहरूले वादविवाद, हाजिरीजवाफ, कविता, नाचगान, चित्रकला, खेलकुद लगायतका विविध अतिरिक्त क्रियाकलापहरूमा उत्साहपूर्वक सहभागिता जनाएका छन् । विशेष गरी वादविवाद तथा हाजिरीजवाफ प्रतियोगितामा उत्कृष्ट अङ्क ल्याउनु, आफ्ना विचारहरू प्रस्ट रूपमा अभिव्यक्त गर्नु र प्रतिस्पर्धात्मक क्षमतामा देखिएको आत्मविश्वासले उनीहरूको बौद्धिक क्षमतामा उल्लेखनीय वृद्धि भएको देखिन्छ ।यसरी शैक्षिक गतिविधि मात्र होइन, व्यवहारिक र सामाजिक रूपमा समेत परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सकारात्मक उपस्थिति विद्यालयको समग्र शैक्षिक वातावरणमा प्रभाव पार्ने कारक बनेको देखिन्छ । शिक्षकहरूले अन्य विद्यार्थीहरूमा समेत अनुशासन र लगनशीलताको चेतना विकसित हुँदै गएको प्रतिक्रिया दिएका छन् । परियत्ति विद्यार्थीहरूबाट उत्पन्न सकारात्मक स्पर्धा र प्रेरणाले विद्यालयको समग्र शैक्षिक स्तरमा सुधार ल्याउन सहयोग गरेको पाइन्छ ।

अर्कोतर्फ, बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा पुनः कक्षा दोहोर्याउने दर अत्यन्त न्यून हुनु, कक्षा छोड्ने अवस्था नगण्य हुनु र शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता अधिक हुनुजस्ता तथ्यहरूले यो शिक्षा प्रणालीको व्यवहारिक प्रभावकारिता पुष्टि गर्दछ । यस्ता विद्यार्थीहरू कक्षामा ध्यानपूर्वक भाग लिन्छन्, सिकाइमा अन्य विद्यार्थीहरूलाई सहयोग गर्छन् र कक्षाको शैक्षिक उद्देश्यप्रति गम्भीर देखिन्छन् । यिनको समर्पण, नियमितता र व्यवहारले कक्षामा सकारात्मक ऊर्जा उत्पन्न गराउँछ, जसले सिकाइलाई अझ प्रभावकारी बनाउँछ । तर यस अध्ययनले एक गम्भीर पक्ष पनि उजागर गरेको छ—अन्य विद्यार्थीहरू सबैले समान सिकाइ वातावरण प्राप्त नगरेको तथ्य । शैक्षिक संसाधन, समय व्यवस्थापन, मानसिक सन्तुलन, घरको सहयोग र सामाजिक समर्थन जस्ता पक्षहरूमा असमानता रहेको देखिन्छ । परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई परम्परागत शास्त्रीय अनुशासनले निर्माण गरेको जीवनशैली, समयको मूल्य, आत्मनियन्त्रण र शिक्षाको गहिरो अर्थबोध उपलब्ध भए तापनि अन्य विद्यार्थीहरूमा यस्ता पक्षहरू सशक्त रूपमा उपस्थित छैनन् । यसले शैक्षिक समावेशीकरणको खाँचो औंल्याउँछ, जहाँ सबै विद्यार्थीलाई समान अवसर, वातावरण र प्रेरणा प्रदान गरिनु जरुरी छ ।

अन्ततः, बौद्ध परियत्ति शिक्षा केवल धार्मिक वा परम्परागत शिक्षाको रूपमा सीमित नभई आधुनिक विद्यालय शिक्षासँग घुलमिल हुने, समन्वय हुने र पूरक भूमिकामा क्रियाशील हुन सक्ने प्रभावकारी शैक्षिक

अभ्यास भएको निष्कर्षमा पुग्न सकिन्छ । यसको शिक्षण प्रणालीले विद्यार्थीको मानसिक, नैतिक, बौद्धिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुर्‍याउने क्षमता राख्दछ । यस्तो शिक्षा प्रणालीले समसामयिक समाजको चुनौतीहरूसँग जुध्न सक्ने, जिम्मेवार, अनुशासित र आत्मनिर्भर नागरिक निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसकारण, विद्यालय शिक्षामा परियत्ति शिक्षा अध्ययनको अभ्यासलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता आजको शैक्षिक परिप्रेक्ष्यमा स्पष्ट देखिन्छ । बौद्ध परियत्ति शिक्षाबाट प्रेरित शैक्षिक मूल्यहरू—जस्तैः ध्यान, आत्मचिन्तन, संयम, सहिष्णुता, परिश्रम, र सामाजिक सेवा—लाई औपचारिक शिक्षासँग समाहित गर्नुले भावी पुस्ताको समुन्नत निर्माणमा योगदान दिन सक्छ । नीति निर्माताहरू, शिक्षकहरू, अभिभावकहरू र सम्पूर्ण शैक्षिक समुदायले यस्ता अभ्यासलाई समावेशी, नैतिक र व्यवहारिक शिक्षाको आधारशिला मान्दै विद्यालय शिक्षाको नयाँ विमर्श प्रारम्भ गर्नु अत्यन्त आवश्यक छ ।त्यसैले, यो अध्ययन केवल बौद्ध परियत्ति शिक्षाको प्रभावको विश्लेषण मात्र नभई समकालीन शिक्षामा नैतिकता, अनुशासन, लगनशीलता र व्यवहारिक ज्ञानको समन्वय कसरी गर्न सकिन्छ भन्ने दिशामा सोच्न उत्प्रेरित गर्ने महत्वपूर्ण दस्तावेज बनेको छ । यसले भावी अनुसन्धान र शैक्षिक अभ्यासको नयाँ आधार प्रदान गर्ने सम्भावना बोकेको छ ।

## सुझाव

यस अध्ययनको निष्कर्षहरूका आधारमा बौद्ध परियत्ति शिक्षाको विद्यालय शिक्षामा प्रभावकारी रूपले एकीकरण गर्न तथा यसको गुणस्तर सुधार गर्न बहुपक्षीय, समन्वित र दीर्घकालीन दृष्टिकोण आवश्यक देखिन्छ । शिक्षालाई समावेशी, मूल्यपरक र व्यवहारिक बनाउने उद्देश्यले बौद्ध परियत्ति शिक्षालाई राज्यको औपचारिक शैक्षिक संरचनासँग जोड्न आवश्यक नीति तथा कार्यक्रमहरू निर्माण गर्न जरुरी छ । विशेषतः परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमा देखिएको अनुशासन, लगनशीलता, नियमितता, सहभागिता र नैतिक गुणहरूको आधारमा यस शिक्षालाई अन्य शिक्षासँग समकक्षता दिनु विवेकसम्मत हुन्छ ।यस सन्दर्भमा, सबैभन्दा पहिले नीति निर्माण को तहमा ठोस पहल आवश्यक छ । राज्यले बौद्ध परियत्ति शिक्षालाई पनि अन्य परम्परागत शिक्षाका समान दर्जा दिई बजेट विनियोजन गर्नु, विशेष कार्यक्रमहरू सञ्चालन गर्नु र त्यसको कार्यान्वयनका लागि दक्ष जनशक्ति परिचालन गर्नु अत्यावश्यक छ । बौद्ध शिक्षा सम्बन्धी नीति निर्माण गर्दा शैक्षिक योजना आयोग, प्रदेश तथा स्थानीय तहका शिक्षा शाखा, जिल्ला शिक्षा अधिकारी (जि.शि.अ.), विद्यालय निरीक्षक, विद्यालय व्यवस्थापन समिति, र शिक्षकहरू बीच स्पष्ट समन्वय आवश्यक हुन्छ । साथै, यस कार्यको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन प्रणाली विकास गर्नु पनि अनिवार्य छ ।

बौद्ध परियत्ति शिक्षालाई अझ प्रभावकारी बनाउने सन्दर्भमा शिक्षकको क्षमता अभिवृद्धि प्रमुख चुनौती हो । यसका लागि परियत्ति शिक्षा दिने जनशक्तिहरूलाई आधुनिक शिक्षाशास्त्रीय सिद्धान्त, मनोवैज्ञानिक दृष्टिकोण, बालमैत्री प्रविधि, र समसामयिक शिक्षण विधिमार्फत तालिम दिनुपर्छ । विशेष गरी बालकेन्द्रित शिक्षण विधि, समावेशी शिक्षा, मूल्य शिक्षा, र प्रेरणादायी सिकाइ प्रक्रियाको ज्ञान दिई विद्यालय शिक्षासँग परियत्ति शिक्षालाई एकीकृत गर्न सकिने आधार तयार पार्न सकिन्छ । साथै, बौद्धमार्गी समुदायहरूलाई हेर्ने सामाजिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणमा विद्यमान लैङ्गिक र सांस्कृतिक विभेद हटाउन समाजमा व्यापक शैक्षिक सचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । गैर-सरकारी संस्था (NGOs), सामुदायिक संघसंस्था, धार्मिक संघहरू तथा स्थानीय समुदायहरूको सहकार्यमा शैक्षिक चेतनाका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ, जसले बौद्ध शिक्षाको सामाजिक स्वीकार्यता बढाउँछ र यसलाई विद्यालय शिक्षासँग सन्तुलित रूपमा समाहित गर्न टेवा पुर्‍याउँछ ।

समावेशी पाठ्यक्रम विकास पनि अत्यन्तै जरुरी पक्ष हो । परियत्ति शिक्षा अन्य विषयहरूसँग समन्वय गरेर निर्माण गरिएको पाठ्यक्रमले विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिक मूल्य, संस्कार र व्यवहारिक ज्ञानको विकास गर्न सक्छ । यस्तो पाठ्यक्रम विकास गर्दा राज्यले सबै समुदाय, धर्म, संस्कृति र भाषा बोल्ने विद्यार्थीहरूलाई ध्यानमा राखेर आवश्यक सुधार तथा समायोजन गर्नुपर्छ । साथै, पाठ्यक्रमलाई स्थान विशेषको आवश्यकताअनुसार लचिलो बनाउनु जरुरी छ, ताकि बौद्ध शिक्षा नेपालका सबै विद्यालयमा पढाइन सक्ने वातावरण बन्न सकोस् । शिक्षण सिकाइ प्रक्रियालाई अझ प्रभावकारी बनाउने सन्दर्भमा बालकेन्द्रित, मनोरञ्जनात्मक र समावेशी कक्षा वातावरणको सिर्जना अति आवश्यक देखिन्छ । परियत्ति विद्यार्थीहरूका लागि विशेष रूपमा तयार गरिएका शिक्षण विधिहरू जसमा ध्यान अभ्यास, समूह चर्चा, नाटक/नाट्यशिक्षा, दृश्य/श्रव्य सामग्रीको प्रयोग र स्थानीय संसाधनको उपयोग सामेल गरिनुपर्छ । यस्ता पद्धतिले विद्यार्थीहरूको जिज्ञासा, सिर्जनात्मकता र सहभागी भावना अभिवृद्धि गर्छ । अर्कोतर्फ, कक्षा व्यवस्थापनलाई व्यवस्थित बनाउन विद्यालयको भौतिक संरचना सुधार गर्नु, कक्षा कोठाहरूलाई बालमैत्री बनाउनु, सिकाइ सामग्रीहरूको पर्याप्त व्यवस्था गर्नु र शिक्षक–विद्यार्थी सम्बन्धलाई सहयोगी बनाउनु आवश्यक छ । परियत्ति विद्यार्थीहरूमा दोहोरिने दर न्यून तथा उपलब्धि उच्च रहेकाले अन्य विद्यार्थीहरूलाई पनि त्यस्तो शिक्षा प्रणालीमा भाग लिन प्रेरणा दिन सकिन्छ । विद्यालयका प्र.अ., व्यवस्थापन समिति, निरीक्षक, स्रोत व्यक्ति तथा बुद्धमार्गी शिक्षक तथा बौद्ध धर्मप्रति आस्था राख्ने बुद्धिजीवी वर्गलाई शोध र कार्यान्वयन प्रक्रियामा सहभागी गराउनुपर्छ । उनीहरूको अनुभव र विचारहरूलाई शैक्षिक योजना, अभ्यास र मूल्याङ्कनमा उपयोग गर्न सके प्रभावकारी परिणाम आउन सक्छ ।

बौद्ध परियत्ति शिक्षालाई विद्यालय जीवनको स्वाभाविक हिस्सा बनाउनका लागि *नियमित प्रार्थना, ध्यान अभ्यास, तथा सांस्कृतिक कार्यक्रममा सहभागिता* आवश्यक छ । बिहान १० बजे प्रार्थनामा अनिवार्य उपस्थिति, शान्तचित्त ध्यानको अभ्यास, तथा सांस्कृतिक सम्प्रेषणको निम्ति आयोजना गरिने कार्यक्रममा सहभागी गराउनु विद्यार्थीको आन्तरिक विकासका लागि लाभदायक हुन्छ । यसले आत्मानुशासन, आत्मविश्वास, र सहिष्णुता जस्ता गुणहरू विकास गर्न सहयोग गर्दछ । अन्ततः, भविष्यमा बौद्ध परियत्ति शिक्षाको अवस्था, व्यवस्थापन, पाठ्यक्रम, शिक्षण पद्धति, विद्यार्थी उपलब्धि, सामाजिक मान्यता, र अन्य शिक्षासँगको अन्तर्सम्बन्धमाथि *गहिरो अनुसन्धान* आवश्यक छ । भावी अनुसन्धानकर्ताहरूले विभिन्न भौगोलिक, सामाजिक र सांस्कृतिक परिवेशमा परियत्ति शिक्षाको अध्ययन गर्दै यसको दीर्घकालीन प्रभाव मूल्याङ्कन गर्नुपर्छ । यस्ता अनुसन्धानहरूले नीतिगत सुधारका लागि महत्वपूर्ण आधार तयार पार्नेछन् । त्यसैले, बौद्ध परियत्ति शिक्षालाई विद्यालय शिक्षासँग समायोजन गर्न दीर्घकालीन योजना, नीतिगत प्रतिबद्धता, स्रोत परिचालन, सामाजिक स्वीकार्यता, र अनुसन्धानमैत्री दृष्टिकोण आवश्यक छ । यस शिक्षाले केवल बौद्ध विद्यार्थीहरूका लागि मात्र नभई समग्र नेपाली शिक्षा प्रणालीमा अनुशासन, मूल्य र जीवनोपयोगी शिक्षा प्रवाह गर्न सक्ने विशेषता बोकेकोले यसको प्रवर्धन सम्पूर्ण शैक्षिक परिप्रेक्ष्यको हितमा हुनेछ ।

## सन्दर्भग्रन्थ सूची

काङ्खले, ब., र श्रेष्ठ, च. ब. (२०६५) । *शिक्षामा सामाजिक न्याय* । काठमाडौं: सनलाइट पब्लिकेशन ।

गुरुङ, श. ब. (२०६३) । *पञ्चशिलको व्याख्या* । बुटवल: लेखक ।

तुलाधार, र. (२५०६) । *नेपालमा परियत्ति शिक्षा: विश्वको लागि प्रकाश ।* काठमाडौं: सनलाइट पब्लिकेशन ।

मानन्धर, न. (२०६७) । *बौद्ध परियत्ति शिक्षा ९ ।* काठमाडौं: अखिल नेपाल भिक्षु महासंघ ।

मालि, ग. (२०६७) । *बौद्ध दर्शन ११: परियत्ति बुलेटिन ।* काठमाडौं: अखिल नेपाल भिक्षु महासंघ ।

शाक्य, डो. र. (२०६९) । *बौद्ध शिक्षा निचोडमा* । ललितपुर: अखिल नेपाल भिक्षु महासंघ ।

शाक्य, डो. र. (२०६९) । *बौद्ध शिक्षा निचोडमा* । काठमाडौं: एकेडेमिक एण्ड डिष्ट्रिव्युटर्स ।

शाक्य, ठ. म. (२०६८) । *पञ्चशिलको व्याख्या* । काठमाडौं: लेखक ।

शाक्य, ठ. म. (२०१२) । *बौद्ध दर्शन* । ललितपुर: अखिल नेपाल भिक्षु महासंघ ।

Bechert, H. (१९८१) । *परम्परागत र आधुनिक समाजमा बौद्ध शिक्षाको भूमिका* । दिल्ली: श्री सतगुरु पब्लिकेशन ।

Bond, G. D. (१९८८) । *श्रीलङ्कामा बौद्ध पुनर्जागरण: धार्मिक परम्पराको पुनर्व्याख्या* । कोलम्बिया विश्वविद्यालय प्रेस ।

Gombrich, R. F. (२००६) । *थेरेवाद बौद्ध धर्म: प्राचीन बनारसदेखि आधुनिक कोलम्बोसम्मको सामाजिक इतिहास* (दोस्रो संस्करण) । राउटलेज ।

Gyatso, T. (१९९०) । *स्वतन्त्रताको निर्वासनमा: दलाई लामाको आत्मकथा* । हार्परकोलिन्स ।

Jayatilleke, K. N. (१९६३) । *बुद्धको सन्देश* । लन्डन: जर्ज एलन एन्ड अनविन ।

Kawanami, H. (२०१३) । *म्यानमारमा बौद्ध भिक्षुणीहरूको संन्यास र सशक्तिकरण* । ब्रिल ।

Ling, T. O. (१९७३) । *बुद्ध: भारत र सिलोनको बौद्ध सभ्यता* । टेम्पल स्मिथ ।

Rahula, W. (१९७४) । *बुद्धले के सिकाए* (पुनः संशोधित संस्करण) । ग्रोव प्रेस ।

Seneviratne, H. L. (१९९९) । *राजाहरूको काम: श्रीलङ्काको नयाँ बौद्ध धर्म* । शिकागो विश्वविद्यालय प्रेस ।

Snelling, J. (१९९१) । *बौद्ध ज्ञानकोस: बौद्ध शिक्षण, अभ्यास, इतिहास र सम्प्रदायहरूको पूर्ण मार्गदर्शन* । इनर ट्रेडिशन्स ।